# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं, माघ १५ गते, २०६९ साल (संख्या ४३


## भाग ३

### नेपाल सरकार

### सामान्य प्रशासन मन्त्रालयको सूचना

### विशेष समूहका कर्मचारीहरूको प्रशासन र व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०६९

विशेष समूहका कर्मचारीहरुको प्रशासन र व्यवस्थापन नियमावली, २०६५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७३ग. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम "विशेष समूहका कर्मचारीहरुको प्रशासन र व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०६९" रहेको छ ।



(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **विशेष समूहका कर्मचारीहरुको प्रशासन र व्यवस्थापन नियमावली, २०६५ को नियम २ मा संशोधन :** विशेष समूहका कर्मचारीहरुको प्रशासन र व्यवस्थापन नियमावली, २०६५ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएकोछ,-

"(ङ) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।"

३. **मूल नियमावलीको नियम ४ मा संशोधन :** मूल नियमावलीको नियम ४ को,-

(१) उपनियम (१) पछि देहायका उपनियम (१क), (१ख), (१ग), (१घ), (१ङ) र (१च) थपिएका छन् :-

"(१क) यो उपनियम प्रारम्भ हुँदाका बखत राजपत्राङ्कित द्वितीय श्रेणीको सहायक सचिव वा सो सरहको पदमा बहाल रहेका कर्मचारीहरु यो नियम प्रारम्भ भए पछि राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव वा सो सरहको पदमा स्वतः कायम हुनेछन् ।

(१ख) राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गर्दा जेष्ठता वापतको अङ्क गणना गर्ने प्रयोजनको लागि राजपत्राङ्कित द्वितीय श्रेणीको सहायक सचिव वा सो सरहको पदमा काम गरेको अवधिलाई समेत गणना गरिनेछ ।

(१ग) यो उपनियम प्रारम्भ हुँदाका बखत देहायका श्रेणी वा सो सरहको पदमा बहाल रहेका कर्मचारीहरु यो उपनियम प्रारम्भ भए पछि देहाय बमोजिमको श्रेणी र पदमा कायम भएको मानिनेछ :-

(क) राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा कार्यरत कर्मचारी राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा,

(ख) राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा कार्यरत कर्मचारी राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव पदमा,

(ग) राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको पदमा कार्यरत कर्मचारीहरु राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृत पदमा,

(घ) राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको पदमा कार्यरत कर्मचारीहरु राजपत्र अनङ्कित प्रथम श्रेणीको नायव सुब्बा पदमा,

(ङ) राजपत्र अनङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा कार्यरत कर्मचारीहरु राजपत्र अनङ्कित द्वितीय श्रेणीको खरिदार पदमा ।

(च) राजपत्र अनङ्कित तृतीय श्रेणी वा सो सरहको पदमा कार्यरत कर्मचारीहरु राजपत्र अनङ्कित तृतीय श्रेणीको मुखिया पदमा ।

तर यो नियम प्रारम्भ भएको मितिले साठी दिन भित्र अनुसूची ३ बमोजिमका पदनाम रहेका खण्ड (ङ) र (च) तथा हाल बहिदार वा सो सरहको पदमा कार्यरत कर्मचारीहरुले स्वेच्छाले श्रेणी विहिन पदमा कायम हुन चाहि मन्त्रालयमा निवेदन दिएमा त्यस्ता कर्मचारीहरुलाई श्रेणी विहिन पदमा कायम गर्न सकिनेछ ।

(१घ) उपनियम (१ग) बमोजिम श्रेणीविहिन पदमा कायम हुँदा कुनै कर्मचारीले खाइपाई आएको तलवस्केल भन्दा घटी तलवस्केल हुने भएमा खाइपाई आएको तलव सुविधामा नघट्ने गरी देहाय बमोजिम तलवस्केल मिलान गरिनेछ :-

(क) ऐनको दफा २४घ२ को उपदफा (१) बमोजिमको मिल्दो स्तरको तलवस्केल बमोजिम,



खण्ड ६२ संख्या ४३ नेपाल राजपत्र भाग ३ मिति २०६९।१०।१५

(ख) खण्ड (क) बमोजिम मिलान गर्दा समेत खाइपाई आएको तलव सुविधा भन्दा घटी हुने भएमा ऐनको दफा ४ बमोजिमको मिल्दो श्रेणीको तलवस्केल बमोजिम ।

(१ङ.) उपनियम (१घ.) बमोजिम तलवस्केल मिलान भएको कर्मचारीको तलववृद्धि हुँदा तलवस्केल मिलान हुँदा कायम भएको तलवस्केलमा भएको वृद्धिको हिसाबले हुनेछ ।

(१च.) उपनियम (१घ.) बमोजिम तलवस्केल मिलान भएका निवृत्त श्रेणीविहिन कर्मचारीको ऐनको दफा ३८ बमोजिम निवृत्तभरणमा वृद्धि हुँदा निजको तलवस्केल मिलान हुँदाको बखत कायम भएको तलवस्केलमा भएको वृद्धिको हिसाबले हुनेछ ।”

(२) उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ :-

“(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपनियम प्रारम्भ भएपछि समूहमा रहने विभिन्न श्रेणीका पदहरु अनुसूची -४ बमोजिम हुनेछन् ।”

४. **मूल नियमावलीमा नियम ८क. थप :** मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८क. थपिएको छ :-

**“८क. वैयक्तिक विवरण फाराम (सिटरोल) भर्नु पर्ने :** नियम ६ बमोजिम कर्मचारीको अभिलेख भरेका प्रत्येक कर्मचारीले यो नियम प्रारम्भ भएको मितिले तीन महिनाभित्र निजामती सेवा नियमावली, २०५० को नियम २२ बमोजिमको वैयक्तिक विवरण फाराम (सिटरोल) भरी प्रमाणित गराई राख्नु पर्नेछ ।”

५. **मूल नियमावलीको नियम ११ मा संशोधन :** मूल नियमावलीको नियम ११ को उपनियम (२) झिकिएको छ ।

६. **मूल नियमावलीमा नियम ११क., ११ख. र ११ग. थप :** मूल नियमावलीको नियम ११ पछि देहायको नियम ११क., ११ख. र ११ग थपिएका छन् :-

"**११क. बढुवा सम्बन्धी विशेष व्यवस्था :** (१) नियम ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा प्रयोजनको लागि देहायको श्रेणीमा देहाय बमोजिमको पद संख्या कायम रहनेछ :-

(क) राजपत्राङ्कित प्रथम श्रेणीमा तीन पद,

(ख) राजपत्राङ्कित द्वितीय श्रेणीमा नौं पद,

(ग) राजपत्राङ्कित तृतीय श्रेणीमा एक्काईस पद र

(घ) राजपत्र अनंङ्कित प्रथम श्रेणीमा चौतीस पद ।

(२) उपनियम (१) मा उल्लेख भए बमोजिमको पदमा बढुवा गर्दा अनुसूची -४ बमोजिमको पदमा कार्यरत एक श्रेणी मुनिका कर्मचारीहरुमध्येबाट ऐनको दफा २४ बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गरिनेछ ।

(३) उपनियम (१) मा उल्लेख भए बमोजिमको कुनै पद रिक्त हुन आएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्र बढुवा सम्बन्धी आवश्यक कारबाहीको लागि मन्त्रालयले लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ ।

(४) उपनियम (२) बमोजिम बढुवा गर्दा ऐनको दफा २० बमोजिमको बढुवा समितिको सिफारिसको आधारमा गरिनेछ ।

(५) राजपत्र अनंकित चतुर्थ श्रेणीका वहिदार वा सो सरहका कर्मचारीहरु ऐनको दफा ७ को उपदफा (२) बमोजिम राजपत्र अनंङ्कित तृतीय श्रेणीमा स्वतः कायम हुनेछन् ।

(६) मन्त्रालयले अनुसूची -५ को क्रम संख्या ५ बमोजिमको शैक्षिक योग्यता पुगेको राजपत्र अनंङ्कित तृतीय श्रेणीको मुखिया वा सो सरहको कर्मचारीलाई ऐनको दफा ७ को उपदफा (३) बमोजिम एक श्रेणी माथिको पदमा बढुवा गर्नेछ ।

**११ख. बढुवाको लागि आवश्यक शैक्षिक योग्यता :** यस नियमावली बमोजिम हुने बढुवाको लागि आवश्यक शैक्षिक योग्यता अनुसूची -५ मा उल्लेख भए बमोजिम हुनेछ ।





**११ग. स्तरवृद्धि सम्बन्धी व्यवस्था :** (१) नियम ४ को उपनियम (१ग) बमोजिम श्रेणीविहिन पदमा कायम भएका कर्मचारीहरुको जम्मा सेवा अवधिको आधारमा ऐनको दफा २४घ२. बमोजिम स्तरवृद्धि हुनेछ ।

(२) उपनियम (१) बमोजिम स्तरवृद्धि गर्दा यो उपनियम प्रारम्भ भएको भोलीपल्टदेखि लागू हुने गरी गरिनेछ ।

तर यो नियम प्रारम्भ हुनु भन्दा अगाडि समूहमा श्रेणीविहिन पद कायम भई ऐनको दफा २४घ२. बमोजिम स्तरवृद्धि भएका कर्मचारीहरुको हकमा सोही बमोजिम हुनेछ ।"

**७. मूल नियमावलीको नियम १२ मा संशोधन :** मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छ :-

"१२. **काम काज गर्न खटाउन सक्ने :** समूहको कर्मचारीलाई निजको शैक्षिक योग्यता, अनुभव, कार्यदक्षता र खटाइने निकायको आवश्यकता अनुसार मन्त्रालयले तोकेको काम सम्पादनको लागि काजमा खटाउन सकिनेछ ।"

८. **मूल नियमावलीमा अनुसूची थप :** मूल नियमावलीको अनुसूची -२ पछि यसैसाथ संलग्न अनुसूची -३, ४ र ५ थपिएका छन् ।

९. **रुपान्तरण :** मूल नियमावलीको विभिन्न नियममा रहेका "निजामती सेवा ऐन, २०४९" भन्ने शब्दहरुको सट्टा "ऐन" भन्ने शब्द राखी रुपान्तरण गरिएकोछ ।

## अनुसूची-३

(नियम ४ को उपनियम (१ग.) को प्रतिवन्धात्मक वाक्यांशसँग सम्बन्धित)

### श्रेणीविहिन पदमा रहने पदहरुको विवरण

१. बाँडा
२. लोहकर्मी नाइके
३. बगैंचे
४. सवारी उपचालक
५. पाले
६. नलकर्मी
७. नकर्मी नाइके
८. नकर्मी
९. सहायक सवारी चालक
१०. सहायक पुजारी
११. डोले
१२. सवारी चालक
१३. सिकर्मी
१४. वनपाले
१५. झाडुबढारु
१६. ढोके प्रमुख अनुचर
१७. सयस प्रमुख अनुचर
१८. बैठके प्रमुख अनुचर
१९. बगैंचे प्रमुख अनुचर
२०. भान्छे सुसारे प्रमुख अनुचर
२१. झाडुबढारु प्रमुख अनुचर
२२. नगेनी प्रमुख अनुचर
२३. मिस्त्री प्रमुख अनुचर
२४. भान्छे प्रमुख अनुचर
२५. गोठाला प्रमुख अनुचर
२६. घडीवाल प्रमुख अनुचर
२७. ग्यालरी गार्ड प्रमुख अनुचर
२८. मंगलेनी प्रमुख अनुचर
२९. प्रमुख अनुचर (कामदार,
३०. पातेनी प्रमुख अनुचर
३१. सुसारे प्रमुख अनुचर
३२. सिकर्मी प्रमुख अनुचर
३३. धोबी प्रमुख अनुचर
३४. ढंगागाडे पुजारी प्रमुख अनुचर
३५. चण्डी पुजारी प्रमुख अनुचर
३६. पदमाखे नारायण पुजारी प्रमुख अनुचर
३७. तल्लो दरबार रेखदेख प्रमुख अनुचर
३८. कोटाले प्रमुख अनुचर
३९. रोचे प्रमुख अनुचर
४०. ह्यामी प्रमुख अनुचर
४१. धोप प्रमुख अनुचर
४२. तल्लो कोट नगर्चे प्रमुख अनुचर
४३. विन्द्यवासिनी रासा प्रमुख अनुचर
४४. काहाल प्रमुख अनुचर
४५. ढोके
४६. डोले अनुचर
४७. सयस अनुचर
४८. झाडुबढारु अनुचर
४९. बैठके अनुचर
५०. बगैंचे अनुचर



खण्ड ६२ संख्या ४३ नेपाल राजपत्र भाग ३ मिति २०६९।१०।१५

५१. भान्छा सुसारे अनुचर
५२. गोठाला अनुचर
५३. खसीपाला अनुचर
५४. खासा अनुचर
५५. धोबी अनुचर
५६. बगैंचे अनुचर
५७. बैठके अनुचर
५८. ढोके अनुचर
५९. ग्यालरी गार्ड अनुचर
६०. ढाडी अनुचर
६१. पातेनी अनुचर
६२. मंगलेनी अनुचर
६३. कामदार अनुचर
६४. पियन अनुचर
६५. हलुवाइ अुनचर
६६. सुसारे अनुचर
६७. ह्यामी अनुचर
६८. उपल्लो कोत सुसारे अनुचर
६९. कन्या बर्ने अनुचर
७०. आलाम काट्ने वानिया अनुचर
७१. माइको नगरा मोल्ने अनुचर
७२. कन्या सुसारे अनुचर
७३. आलामे अनुचर
७४. कर्णाल अनुचर
७५. रासा अनुचर
७६. बिजुली अनुचर
७७. ट्याम्को अनुचर
७८. ढलकी अनुचर
७९. तल्लो कोत सुसारे अनुचर
८०. घडी अनुचर
८१. गोरखनाथको नगरा मोल्ने अनुचर
८२. ढुंगाडे नगर्ची अनुचर
८३. अमलदार
८४. धोबी सहायक अनुचर
८५. ग्यालरी गार्ड
८६. गोठाला सहायक अनुचर
८७. झाडुबढारु सहायक अनुचर
८८. डोले सहायक अनुचर
८९. सयस सहायक अनुचर
९०. बगैंचे सहायक अनुचर
९१. भान्छे सुसारे सहायक अनुचर
९२. भान्छे सहायक अनुचर
९३. प्युठ
९४. सिपाही ।

## अनुसूची-४

(नियम ४ को उपनियम (३) सँग सम्बन्धित)

### विभिन्न श्रेणीमा रहने पदहरुको विवरण

**(क) राजपत्रांकित प्रथम श्रेणी**

सहसचिव

**(ख) राजपत्रांकित द्वितीय श्रेणी**

उपसचिव

**(ग) राजपत्रांकित तृतीय श्रेणी**

शाखा अधिकृत

**(घ) राजपत्र अनंकित प्रथम श्रेणी**

नायब सुब्बा

**(ङ) राजपत्र अनंकित द्वितीय श्रेणी**

खरिदार

**(च) राजपत्र अनंकित तृतीय श्रेणी**

मुखिया

**(छ) राजपत्र अनंकित चतुर्थ श्रेणी**

वहिदार



खण्ड ६२ संख्या ४३ नेपाल राजपत्र भाग ३ मिति २०६९।१०।१५

अनुसूची - ५

(नियम ११ख. सँग सम्बन्धित)

### बढुवाको लागि आवश्यक शैक्षिक योग्यता

| क्र.सं. | श्रेणी | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बढुवाको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण |
| २. | राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बढुवाको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण |
| ३. | राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवाको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण |
| ४. | राजपत्र अनंङ्कित प्रथम श्रेणीको पदमा बढुवाको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण |
| ५. | राजपत्र अनंङ्कित द्वितीय श्रेणीको पदमा बढुवाको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट दशम कक्षा वा सो सरह उत्तीर्ण |

**आज्ञाले,**

**दुर्गानिधि शर्मा**

**नेपाल सरकारको सचिव**